## प्रेस विज्ञप्ति

पेसागत महासङ्घ नेपालका अध्यक्ष प्रेमलकुमार खनालको नेतृत्वमा महासङ्घका पदाधिकारीहरु तथा घटक संस्थाका प्रतिनिधिहरु सहित गएको डेलिगेसन टोलीले सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' लाई भेटी २५ बुँदे पेसागत तथा जनसरोकारका विषयमा ध्यानाकर्षणपत्र बुझाएको छ । ध्यानाकर्षण पत्रमा पेसागत महासङ्घको नाम, झण्डा, लेटर प्याड, लोगो दुरुपयोग गरी समानान्तर गतिविधि गर्नेहरुलाई कारबाही गर्न, एनसेलको शेयर मूल्य न्यून मूल्याङ्कन गरी करछली गर्नेलाई कारबाही गर्न माग गरिएको छ।

ध्यानाकर्षण पत्रमा सङ्घीय निजामती सेवा ऐन, शिक्षा ऐन लगायतका ऐनहरु सरोकारवालासँग छलफल गरी ट्रेड युनियन अधिकार, कर्मचारीहरुको वृत्ति विकास, शिक्षाको अधिकार संघमा रहने गरी यथा शक्य छिटो जारी गर्न माग गरेको छ। साथै कर्मचारी समायोजनबाट उत्पन्न समस्या समाधान गर्न, सबै सरकारी कार्यालय, स्वास्थ्य संस्था, विद्यालय, क्याम्पसमा कार्यरत अस्थायी, करार, ज्यालादारी कर्मचारीहरुको स्थायी दरबन्दी निर्धारण गरेर स्थायी पूर्ति गर्न र सबै औपचारिक, अनौपचारिक क्षेत्रका श्रमिक पेसाकर्मीहलाई सामाजिक सुरक्षाको दायरामा ल्याउन माग गरिएको छ।

पत्रमा कृषि जन्य, खाद्यजन्य, औषधीजन्य, दुग्धजन्य, साझा यातायात तथा संस्थानहरुलाई सङ्घ, प्रदेश र स्थानीय सरकारको लगानी र स्वामित्व रहने गरी पुनसंरचना गरी ७५३ वटै पालिकामा संरचना विस्तार गरी सेवा प्रवाह विस्तार गर्न, गोरखकाली रवरउधोग, वीरगञ्ज चिनीकारखाना, लुम्बिनी चिनी कारखाना, विराटनगर जुटमिल पुनःस्थापना गर्न ७५३ वटै पालिकामा सहकारीमा आधारित सुपथमूल्यका पसल र सहकारीमा आधारित कृषि उपज खरिदबिक्रीगर्न र न्यून आय भएका जनता र श्रमिकलाई राहत प्रदानगर्न रासन कार्डको व्यवस्था गरी सुपथ मूल्यका पसलबाट विक्री वितरण गर्न माग गर्नुका साथै अधिकार सम्पन्न राष्ट्रिय श्रम आयोग गठन, ७५३ वटै पालिकाबाट श्रमिकहरुको पञ्जीकरण गर्न माग गरिएको छ।

यस्तै निजामती अस्पतालमा कार्यरत स्वास्थ्यकर्मी र नर्सहरुको सेवालाई निरन्तरता प्रदान गर्न, एक वडा एक कृषि प्राविधिक कार्यक्रममा नियुक्त कृषि तथा पशु प्राविधिकहरुको सेवालाई सङ्घ सरकारबाटै बजेटको व्यवस्था गरी सेवालाई निरन्तरता प्रदान गर्न, न्यून तलब पारिश्रमिक पनि प्राप्त नगरी सेवा गरिरहेका बाल शिक्षिका, विद्यालय शिक्षक, कर्मचारीलाई सरकारले उपलब्ध गराउने न्यूनतम तलब सुविधा प्रदान गर्न, स्थानीय तहमा कार्यरत सामाजिक परिचालिकाहरुको सेवालाई निरन्तरता प्रदान गर्न र बाँकी तलबभत्ता भुक्तानी गर्न तथा सहकारी क्षेत्रमा देखिएका समस्याहरुको तत्काल समाधान गर्न माग गरिएको छ। भेटका क्रममा प्रधानमन्त्रीले महासङ्घले उठाएका मागलाई सरकारले सकारात्मक रुपमा लिएको र समस्या समाधान गर्न सरकार प्रतिवद्ध रहेको बताउनु भएको छ।

मितिः २०८०।११।९

राजन रेग्मी
महासचिव